आज मिति २०८२ श्रावण ३० गते शुक्रवारका दिन ६१ औं कार्यपालिका बैठक महाङ्काल गाउँपालिकाका अध्यक्ष श्री गणेश बहादुर के.सी. ज्यूको अध्यक्षतामा वसी तपशीलको उपस्थितीमा देहायका प्रस्तावहरु माथी छलफल गरि निर्णयहरु गरियो।

**उपस्थित**

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री गणेश बहादुर के.सी. | अध्यक्ष | |
| श्री डोल्मा माया गोले | उपाध्यक्ष | |
| श्री राम प्रसाद घिमिरे | सदस्य | |
| श्री जोनी कुमार न्यासुर | सदस्य | |
| श्री मनोज कुमार पराजुली | सदस्य | |
| श्री कृष्ण प्रसाद तिमल्सिना | सदस्य | |
| श्री भुमिनन्द घिमिरे | सदस्य | |
| श्री विनोद चौरेल | सदस्य | |
| श्री लक्ष्मी संजेल | सदस्य | Laxmi |
| श्री देवी माया लामा | सदस्य | |
| श्री मन्दिरा तिमल्सिना घिमिरे | सदस्य | |
| श्री रेनुका संजेल | सदस्य | Renuka |
| श्री गुप्त बहादुर ब्राहमु | सदस्य | |
| श्री चित्र कुमारी विश्वकर्मा | सदस्य | चित्र |
| श्री सन्दिप न्यौपाने | सदस्य सचिव | |

**सहजकर्ता**

| | | |
|---|---|---|
| श्री शरोज वेल्वासे | प्रशासन शाखा | |
| | | |
| | | |
| | | |

मिति २०८२ साल श्रावण ३० गतेको कार्यपालिका बैठकको निर्णयहरुः

**प्रस्तावहरुः**

प्रस्ताव नं. १. ठेक्का रद्द सम्बन्धमा (खावा भञ्ज्याङ्ग हुँदै चमेरे गुफा)।

प्रस्ताव नं. २. स्थानीय दररेट स्वीकृत तथा अनुमोदन विक्रि कर असुल सम्बन्धमा।

प्रस्ताव नं. ३. विद्यालय शिक्षा योजना सम्बन्धमा।

प्रस्ताव नं. ४. "घ" वर्गको इजाजत सम्बन्धमा।

प्रस्ताव नं. ५. मिति २०८२।०४।२७ गतेको शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा।

प्रस्ताव नं. ६. तीज विशेष कार्यक्रम सम्वन्धमा।

प्रस्ताव नं. ७. विविध सम्बन्धमा।

**निर्णयहरुः**

निर्णय नं. १. प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व.२०८०।०८१ मा विनियोजित बजेटबाट, "पर्यटकीय स्थल खावाभंज्याङ/सोलिथुम/रमितेडाडा हुदै चमेरो गुफा जाने मोटरबाटो" निमार्णका लागि आव्हान गरीएको ठेक्का नं. MRM/Works/Road/NCB/03/2080-081 बमोजिमको कार्य निर्माण व्यवसायी श्री सुबोध कन्स्ट्रक्सन एण्ड सप्लायर्स, मध्यपुर थिमि-०३, भक्तपुरसंग सम्झौता भई कार्य प्रारम्भ भएकोमा योजना सम्झौता बमोजिमको कार्य सम्पादन नभएकोले तथा उक्त निर्माण कम्पनीले म्याद थपको लागि निवेदन समेत नदिएकोले उक्त निर्माण कम्पनीले बैंक जमानत बापत राखेको धरौटी रकम असुल गरी धरौटी सदरस्याह गर्ने तथा निज संगको ठेक्का रद्द भई धरौटी रकम जफत भएको जानकारी गराउने निर्णय सर्वसहमतले गरीयो।

निर्णय नं. २. प्रस्ताव नं. २ माथि छलफल गर्दा स्थानीय स्रोत साधनको प्रयोग गरी सञ्चालनमा रहेका योजनाहरुमा प्रति घन मिटर रु. ७.९१ (अक्षरुपि सात रुपैया एकानब्बे पैसा) का दरले बिक्रि कर असुल उपर गर्ने तथा सो को कार्यन्वयनको लागि जिल्ला दररेट अनुसार गाउँपालिकाले निर्माण गरेको आ.व. २०८२।०८३ को लागि स्थानीय दररेट सर्वसहमतले स्वीकृत गरी पारित गर्ने निर्णय गरीयो।

सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

गणेश ...
अध्यक्ष

मिति २०८२ साल श्रावण ३० गतेको कार्यपालिका बैठकको निर्णयहरुः

निर्णय नं. ३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा महाङ्काल गाउँपालिकामा निर्माण भएको विद्यालय शिक्षा योजना निर्माणको लागि गठन भएको तपशील बमोजिमको कार्यदल सर्वसहमतले पारित गर्ने निर्णय गरीयो।

१. भूमिनन्द घिमिरे- संयोजक
२. राम कृष्ण तिमल्सिना ( कालीदेवी मा.वी., बुखेल) - सदस्य
३. मनोज दुलाल (लूःनिभा बाल सरोकार)- सदस्य
४. उज्ज्वल तिमल्सिना (IT officer)- सदस्य
५. मेनुका बास्कोटा (व.शिक्षा अधिकृत)- सदस्य सचिव

निर्णय नं. ४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा "प्रस्फुल्ल निर्माण सेवा प्रा.लि., महाङ्काल-३, गोटिखेल, कम्पनी रजिस्टारको कार्यालयको दर्ता नं. ३६७५६८/०८१/८२ स्थायी लेखा नं. ६२२३६८८४७ ललितपुरले मिति २०८२ साल श्रावण २१ गते "घ" वर्गको इजाजत पत्रको लागि निवेदन दिएको हुनाले उक्त निवेदनसाथ संलग्न कागजातको आधारमा नियमानुसार "घ" वर्गको इजाजत प्रदान गर्ने निर्णय सर्वसहमतले गरीयो।

निर्णय नं. ५. प्रस्ताव नं. ५ माथी छलफल गर्दा महाङ्काल गाउँपालिकाको शिक्षा समितिको मिति २०८२ साल श्रावण २७ गतेको बैठक मार्फत गाउँ शिक्षा प्रवद्धनको लागि गरेका निर्णयहरु सर्वसहमतले अनुमोदन गर्ने निर्णय गरीयो।

निर्णय नं. ६. प्रस्ताव नं. ६ माथी छलफल गर्दा महिला दिदि बहिनीहरुको महान चाड "हरितालिका तीज" कार्यक्रमको सम्बन्धमा छलफल गर्दा गाउँपालिकामा रहेका वडाहरु मार्फत कार्यक्रमहरु सञ्चालन गर्ने गरी प्रत्यक वडाहरुको लागि रु. ७० हजारको दरले कार्यक्रम खर्च शीर्षकबाट रकम भुक्तानी हुने गरी रु.४,२०,०००/- (अक्षरुपि चार लाख बीस हजार मात्र) विनियोजन गर्ने तथा कार्यक्रम समापन पछि बील भर्पाईको आधारमा रकम भुक्तानी दिने निर्णय सर्वसहमतले गरीयो।

सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

गणेश ...
अध्यक्ष

मिति २०८२ साल श्रावण ३० गतेको कार्यपालिका बैठकको निर्णयहरुः

निर्णय नं. ७. विविध सम्बन्धमा छलफल गर्दा तपशीलका निर्णयहरु गरीयो:

क) आ.व. २०८१।०८२ मा गोटिखेल बजारमा पूल निर्माणको लागि " गोटिखेल बजार पुल निर्माण" शीर्षकमा शीलबन्दी कोटेशन मार्फत सूचना प्रकाशन गरी अन्य प्रक्रिया पूरा गर्दै गर्दा सम्झौता हुने क्रममा उक्त निर्माण क्षेत्रमा रहेको धामी खोलाले ढुङ्गा, गिट्टी लगायत पदार्थ ल्याइ हाललाई उक्त स्थानमा कुनैपनि निर्माणको कार्य प्रारम्भ गर्न नसकीने भएको हुनाले उक्त स्थानमा पुल निर्माणको लागि Bid security बापत श्री S.S.V. Construction Pvt.Ltd., कालेश्वर,ललितपुरले राखेको रकम रु. ५० हजार फिर्ता दिने निर्णय सर्वसहमतले पारीत गरीयो।

ख) महाङ्काल गाउँपालिका वडा नं. ५, चन्दनपुर निवासी मान कुमारी लोप्चनको घर माथीबाट पहिरो आई गोठ भत्कीएको तथा अन्य बस्तुहरु पुरीएर मरी भौतिक संरचना र पशुचौपाएमा क्षति भएको हुनाले निजलाई आर्थिक सहयोग स्वरुप रु. ३५ हजार प्रदान गर्ने निर्णय सर्वसहमतले गरीयो।

ग) महाङ्काल गाउँपालिका वडा नं. २ निवासी मोदना घिमिरेको छोरा सुयोग घिमिरे (ना.प्र.नं. २८-०२-०८०-६१४८, ललितपुर) को lumber (L4) brust fracture भई पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान लगनखेलमा उपचार गरीरहेको र उपचार खर्चिलो रहेको तथा निजको आर्थिक अवस्था कमजोर भएको भनी निवेदन पेश हुन आएको हुनाले निजको उचारको लागि सहयोग स्वरुप रु. २० हजार मात्र आर्थिक सहयोग प्रदान गर्ने निर्णय सर्वसहमतले गरीयो।

घ) महाङ्काल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले आ.व. २०८१।०८२ मा स्वीकृत कार्यक्रम कार्यन्वयन गर्ने क्रममा यस पालिकाको आम्दानी न्यून भई समयमा आम्दानी हुन नसकेकको हुदाँ खर्च व्यवस्थापनमा समस्या भई कार्यालयले विभिन्न मितिमा स्रोतमा फरक नपर्ने गरी शीर्षक फरक (मिलान) गरी गरिएको खर्चलाई समर्थन तथा स्वीकृत गर्ने निर्णय गरियो।

सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत